# अरुण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
प्याउली, भोजपुर

कोशी प्रदेश, नेपाल

पत्र संख्याः- २०८१/८२
च.नं.:-

**सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नवीकरण सम्बन्धी सूचना।**
**प्रकाशित मितिः २०८१।०४।०१**

यस गाउँपालिका अन्तर्गत आ.व. ०८०/८१ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका सम्पूर्ण लाभग्राहीहरुले आ.व. ०८१/८२ मा समेत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नको लागि नवीकरण गर्नुपर्ने भएकोले तपसिलमा उल्लिखित कागजातहरु लिई आफ्नो वडा कार्यालयमा उपस्थित भइ मिति २०८१ साल भदौ मसान्तभित्र नवीकरण गर्न/गराउनहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउन नसकिने बेहोरा समेत यसै सूचना मार्फत सूचित गरिन्छ ।

तपसिल (आवश्यक कागजातहरु)

१. सामाजिक सुरक्षा भत्ता परिचयपत्र ।
२. राष्ट्रिय परिचयपत्र नम्बर वा आवेदन नम्बर ।
३. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिको हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति ।
४. लाभग्राहीको नागरिकता प्रमाणपत्रको सक्कल वा प्रतिलिपि ।
५. विधवा महिलाको हकमा श्रीमानको मृत्युदर्ताको प्रतिलिपि र अर्को विवाह नगरेको सम्बन्धित वडा कार्यालयको सिफारिसपत्र ।
६. अपाङ्गताको हकमा अपाङ्गता परिचयपत्रको सक्कल वा प्रतिलिपि र संरक्षकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
७. दलित बालबालिकाको हकमा जन्मदर्ता र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
८. संरक्षक वा इच्छाइएको व्यक्ति राखेको हकमा संरक्षक वा इच्छाएको व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
९. अविवाहित महिलाको हकमा विवाह नगरेको सम्बन्धित वडा कार्यालयको सिफारिसपत्र ।

पुनश्चः

१. तोकिएको समयमा नवीकरण नगराएमा प्रणालीबाट लाभग्राहीको नाम हट्नेछ साथै नवीकरण गर्नको लागि लाभग्राही तोकिएको म्यादभन्दा पछि आएमा नयाँ लाभग्राही सरह नाम दर्ता गर्नु पर्नेछ र सो बिचको समयावधिको सामाजिक सुरक्षा भत्ता प्राप्त हुने छैन।
२. अशक्त लाभग्राहीको हकमा संरक्षकबाट नवीकरण गराउन सकिनेछ।
३. नेपाल बाहिर बसोवास गर्ने लाभग्राहीको संरक्षकबाट नविकरण गरिनेछैन ।

०४।०१
.......................
मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत